# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०६ जुलाई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

1. प्रधानमंत्री नरेंद्र मोदीले तिब्बती आध्यात्मिक गुरु दलाई लामाको ९० औ जन्मदिनको अवसरमा बधाई दिनु भएको छ।
2. दार्जीलिङ्गमा आज तिब्बती सर्वोच्च धर्मगुरु दलाई लामाको ९० औं जन्मजयन्ती विभिन्न सास्कृकित कार्यक्रमको साथ पालन गरियो।
3. जीटीए प्रमुख अनित थापाले दलाई लामालाई युगपुरुषको दर्जा दिदै उहाँको शान्तिको सन्देशले विश्वलाई नेतृत्व दिएको बताउनु भयो।
4. सिलगढीमा हरिभक्त कटुवाल राष्ट्रिय प्रतिष्ठानको तत्वावधानका आज कवि कटुवालको 91औं जयन्ती पालन गरियो।
5. ट्रफ रेखा अथवा द्रोणिका अनि चक्रवातीय दबावको प्रभावमा आज अनि भोलि पश्चिम बंगालको दक्षिणका विभिन्न क्षेत्रहरूमा अधिक भन्दा अधिक वर्षा हुने सम्भावना रहेको छ।

**पीएम - दलाई लामा**

प्रधानमंत्री नरेंद्र मोदीले तिब्बती आध्यात्मिक गुरु दलाई लामाको ९० औ जन्मदिनको अवसरमा बधाई दिनु भएको छ। एक सोशल मीडिया पोस्टमा प्रधानमंत्रीले देशवासीको तर्फबाट शुभकामना दिनु भयो। श्री मोदीले दलाई लामालाई प्रेम, करुणा, धैर्य अनि नैतिक अनुशासनको प्रतीक बताउनु भयो। प्रधानमंत्रीले भन्नुभयो, दलाई लामाको संदेशले सबै धर्मका मानिसहरुमा सम्मानको भावनालाई प्रेरित गरेको छ। उहाँले दलाई लामाको स्वास्थ्य अनि लामो आयुको कामना पनि गर्नुभयो।

**दलाई लामाको ९० औं जन्मजयन्ती**

दार्जीलिङ्ग धर्म चक्र कमिटीको आयोजनामा आज तिब्बती सर्वोच्च धर्मगुरु नोबेल शान्ति पुरस्कार प्रापक १४ औ दलाई लामाको ९० औं जन्मजयन्ती विभिन्न सास्कृकित कार्यक्रम गर्दै भक्तीभाव रूपमा पालन गरियो। स्थानीय गोर्खा रंगमञ्च भवनमा दार्जीलिङ्गमा सप्पन्न जन्म जयन्ती समारोहमा जीटीए प्रमुख कार्यपाल अनित थापा, दार्जीलिङ नगरपालिका अध्यक्ष दिपेन ठकुरी, जीटीए प्रमुख कार्यपालका सल्लाहकार अमर लामा, कार्यकारी निर्देशक, विभिन्न सरकारी एंव गैरसरकारी अधिकारीहरु विभिन्न संघ संस्था मठगुम्बाका प्रतिनिधिहरु एंव बिशिस्ट व्याक्तीत्वहरुको उपस्थिति रहेको थियो। जन्म जयन्तीको अवसरमा समाज सेवामा सलग्न वृद्ध अवस्थामा पुगिसकेका चारजना व्याक्तिहरु लगायत समारोहमा उपस्तिथित बिशिस्ट व्याक्तीत्वहरुलाई सम्बर्द्धना जनाएको ईण्डो टिबिटेन फ्रेण्डसीप सोसाइटीका महासचीव जे टी भोटीयाले जानकारी दिनुभयो ।

**दलाई लामा- अनित थापा**

महामहिम दलाई लामाको 90 औं जन्मदिनको सुअवसरमा दार्जीलिङ्गमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै गोर्खाल्यान्ड क्षत्रीय प्रशासनका मुख्य कार्यपाल अनित थापाले दलाई लामालाई युगपुरुषको दर्जा दिदै उहाँको शान्तिको सन्देशले विश्वलाई नेतृत्व दिएको बताउनु भयो। श्री थापाले पवित्र दलाई लामाको ठूलो सन्देश नै शान्ति हो भनी बताउनु भयो। यसका साथै उहाँले सहनशीलता अनि शान्तिले मानिसलाई सञ्चो सँग बस्नु दिन्छ अनि प्रगति पथमा हिंड्नु अवसर प्रदान गर्ने बताउनु भयो।

**आशुरा-ए-मोहर्रम**

आज आशुरा-ए-मुहर्रम हो। यो दिवस पैगम्बर मुहम्मदका नाती हजरत इमाम हुसैन अनि उहाको चेलाहरूले दिएको बलिदानको यादमा मनाइने गरिन्छ, जो सत्य र न्यायका लागि करबलामा शहीद बनेका थिए। देशको विभिन्न भागहरूसितै दार्जीलिङ पार्वतीय क्षेत्रमा पनि मोहर्रम पालन गरिन्दैछ। यस अवसरमा प्रधानमंत्री नरेन्द्र मोदीले सोशल मीडिया पोस्टमा भन्नुभयो हजरत इमाम हुसैनले विपरीत परिस्थितिहरुमा पनि सत्यमा अडिग रहने प्रेरणा दिनु भएको थियो।

**हरिभक्त कटुवालको 91औं जयन्ती पालन**

सिलगढीमा सञ्चालित हरिभक्त कटुवाल राष्ट्रिय प्रतिष्ठानको तत्वावधानका आज कवि कटुवालको 91औं जयन्ती सिलगढीको नेपाली कल्याण उच्चोत्तर माध्यमिक विद्यालयमा पालन गरियो। प्रतिष्ठानका संरक्षक अनि मणिपुरका पूर्व डिस्ट्रिक्ट कमिश्नर केके कटवालद्वारा अध्यक्षता गरिएको समारोहमा पूर्व आइपीएस अधिकारी, नागाल्यान्डका डीजीपी चन्द्रप्रकाश गिरी उपस्थित रहनु भयो। विशिष्ट अतिथिहरूमा समाजसेवी बीबी विश्वकर्मा, पत्रकार रेखा लामा, डा. दीपक शर्मा, नारी हस्ताक्षर लतिका जोशी, बरिष्ठ साहित्यकार युवराज काफ्ले, जीके शर्मा अनि कल्याण उच्चोत्तर माध्यमिक विद्यालयका प्रधान अध्यापक अनिल प्रधान उपस्थित थिए। डा. सुकराज दियाली प्रमुख वक्ता रहेको समारोहको सञ्चालन कृष्ण गुरूङ अनि रोमा छेत्रीले गरेको प्रतिष्ठानका  संस्थापक रुबेन गुरूङले जानकारी दिनु भएको छ।

**अजय एडवर्डस**

इण्डियन गोर्खा जनशक्ति फ्रण्टका प्रमुख अजय एडवर्डसले आज आरआर–ब्लक अन्तर्गत  9 न० गेल चियाबारीमा नव निर्माण सडकको उद्धाटन गर्नुभयो । यो परियोजना उहाँको सहयोग र स्थानिय वासिन्दाहरूको समर्पित श्रमदानद्वारा सम्भव भएको हो। श्री एडवर्ड्सले भन्नुभयो हामी क्षेत्रीय वासिन्दाहरुसँग मिलेर हाम्रो क्षेत्रको उज्जवल भविष्यको बाटो निर्माण गर्ने प्रयास गर्दै छौं!

**दुर्गा खवास**

कालिम्पोङका तेक्वान्दो ब्ल्याक बेल्ट र छैटौँ डान होल्डर दुर्गा खवास मलेसिया जाने तयारीमा छन्। यसभन्दा अघि उनीले नेपाल, भूटान, श्रीलंका, बंगलादेश र थाइल्यान्डजस्ता देशहरूमा २० पटक अन्तर्राष्ट्रिय स्वर्ण पदक जितिसकेका छन्। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आफ्नो प्रतिभा प्रदर्शन गरिसकेका खवासलाई आज IGJF का प्रमुख संयोजक अजय एडवर्डस र केन्द्रीय कार्यसमिति सदस्यहरूले उनको उत्कृष्ट उपलब्धिको सम्मान स्वरूप सम्मानित गरेको छ।

**जीटीएल सुंगुर पालनमा प्रोत्साहन**

जीटीएद्वारा बेरोजगार युवाहरुलाई स्वरोजगारको माध्यम दिलाउन व्यवसायिक सुंगुर पालन बारे निःशुल्क प्रशिक्षण दिइने भएको छ। हाल पहाडमा बेरोजगारीको समस्यालाई सम्बोधन गर्न यो प्रशिक्षण दिइने भएको हो। युवाहरुलाई पलायन हुनवाट बन्चित गर्न अनि सम्भावनाको मार्ग आफ्नो आगानमा खोज्ने अभियानको एक भागको रुपमा यस प्रशिक्षणलाई हेरिएको छ। जीटिएका प्रमुख जनसम्पर्क अधिकारी एसपी शर्माले पहाडमा अब सुंगुर पालनको नयाँ व्यवसायिक योजना गरेर युवाहरु स्वालम्वी बनाउन दुई दिवसीय प्रशिक्षण कार्यक्रम आयोजना गर्ने जानकारी दिनुभयो। विशेष रुपमा यस प्रशिक्षणको प्रमुख केन्द्र सिपाही धुरामा अवस्थित (एग्रो लाईफ फार्मिङ) पुरानो सुंगुर पालन फार्म रहनेछ। यसै क्रममा प्रशिक्षण योजनालाई लिएर खरसाङ तीनधारे समष्टि सभासद नवराज छेत्रीले जीटीए- को तर्फबाट हुन गईरहेको यो पहलले स्थानीय सुंगुर पालन गर्ने व्यक्तिहरुलाई ठुलो सहयोग पुग्ने बताउनु भयो।

**किराँत खम्बु राई कल्याण स्थपना दिवस**

मिरिक महकुमा अन्तर्गत मरमा चियाकमानको समाजिक संस्था किराँत खम्बु राई कल्याण  समाजको पहिलो स्थपना दिवस आज विविध कार्यक्रमको साथमा पालन गरियो। समाजका अध्यक्ष श्रीमती यानु राईको अध्यक्षता अनि रूद्धप्रभा राईको संचालनमा भएको कार्यक्रममा जेष्ठ नागरिकहरूलाई सम्मान गरियो। सोहि अवसरमा समाजको पक्षबाट पत्रकार  मुस्कान खेसाङ राई, कलाकार भास्कर राई , मेक अप मरमाका संस्थापक कपिल राई, समाजिक कार्यकर्ताहरू देवदास देउसा, जितेन वाङ्देललाई पनि उनीहरूले दिएको समाजमा योगदानको कदरस्वरूप स्मृति  चिन्ह प्रदान गरेर सम्मानित गरियो। कार्यक्रममा  समाजका सचिव अतिरत्न राईले  समाज स्थपनाभएदेखि हालसम्म समाज हितमा गरेका कार्यहरूबारे विस्तृत जानकारी दिनुभयो।

**मौसम**

ट्रफ रेखा अथवा द्रोणिका अनि चक्रवातीय दबावको प्रभावमा आज अनि भोलि पश्चिम बंगालको दक्षिणका विभिन्न क्षेत्रहरूमा धेरै भन्दा धेरै वर्षा हुने सम्भावना रहेको छ। अलिपुर मौसम विभागका अनुसार राज्यको उत्तरी क्षेत्रमा पनि

तेज वर्षा हुने सम्भावना रहेको छ। हिज पूर्व अनि पश्चिम मेदिनीपुर तथा पूर्व वर्धमानका केही क्षेत्रहरूमा धेरै भन्दा धेरै वर्षा भएको थियो। मौसम विभागले यी जिल्लाहरूमा तीव्र वर्षाको चेतावनी जारी गरेको छ अनि आज उत्तर अनि दक्षिण २४ परगना, मुर्शिदाबाद अनि बीरभूम जिल्लामा तीव्र वर्षाको सम्भावना ज्यादा रहेको छ। बिजुलीसितै हल्कादेखि मध्यम वर्षासित ३० देखि ४० किमी प्रति घण्टाको गतिले तेज हावा चल्न सक्नेछ। मंगलबारदेखि राज्यको दक्षिणी भागमा मौसममा परिवर्तन आउनेछ। मौसम विभाग अनुसार राज्यको दक्षिणी क्षेत्रसितै उत्तरी क्षेत्रका विभिन्न जिल्लाहरूमा धेरै वर्षा भइरहनेछ। दार्जीलिङ, कालेबुङ, अलिपुरद्वार, कुचबिहार अनि जलपाइगढ़ीका केही क्षेत्रहरूमा तेज वर्षाको सम्भावना रहेको छ।

**कैलाश मानसरोवर यात्रा**

कैलाश मानसरोवरको तीर्थ यात्रीहरूको दोस्रो जत्था आज आफनो यात्रा पूरा गरे पछि गान्तोक फर्की आएको छ। ४७ जना तीर्थ यात्रीहरूको दोस्रो जत्थाले २५ जूनको दिन नाथू ला सीमा पार गरेर आफनो तीर्थ यात्राको शुरूआत गरेको थियो। तीर्थ यात्रीहरूले निर्बाध प्रबन्धन अनि आतिथ्यको निम्ति सिक्किम सरकारप्रति हार्दिक आभार प्रकट गरेको छ। ऐतिहासिक कैलाश मानसरोवर यात्राको शुरूआत नाथू ला-देखि गत महिना २० तारिख भएको थियो, जहा ३६ जना यात्रीहरूले सिक्किमका गवर्नर ओम प्रकाश माथुरसित भेटघाट गरे पछि यात्रालाई हरियो झण्डा देखाइएको थियो।

*************